शैतान तिमीहरु मध्ये कसै कहाँ आउँछ र भन्छ: यो कसले सृष्टि गर्यो ? र यो कसले रचना गर्यो ? यो क्रम चलिरहन्छ यहाँ सम्म उसले सोध्न थाल्छ : तिम्रो रब (पालनकर्ता) लाई कसले सृष्टि गर्यो ? यस्तो कुरा दिमागमा आउन साथ शैतानको उपद्रोबाट अल्लाहको शरण लिनुपर्छ र यस्त खराब विचार त्याग्नु पर्छ" ।

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम)
ले भन्नुभएको छ : "शैतान तिमीहरु मध्ये कसै कहाँ आउँछ र भन्छ: यो कसले सृष्टि गर्यो ?
र यो कसले रचना गर्यो ? यो क्रम चलिरहन्छ यहाँ सम्म उसले सोध्न थाल्छ : तिम्रो रब (पालनकर्ता) लाई कसले सृष्टि गर्यो ? यस्तो कुरा दिमागमा आउन साथ शैतानको उपद्रोबाट अल्लाहको शरण लिनुपर्छ र यस्त खराब विचार त्याग्नु पर्छ" । [सही] [मुत्तफकुन अलैहि]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले शैतानले आस्थावानहरूको मस्तिष्कमा हाल्ने प्रश्नहरूको प्रभावकारी उपचारको वर्णन गर्नुभएको छ। शैतानले भन्छ : यसलाई कसले बनायो? आकाशलाई कसले बनायो ? पृथ्वीलाई कसले बनायो ? मुस्लिमले धार्मिक, प्राकृतिक र तार्किक जवाफ दिन्छ: यी सबैको सृष्टि अल्लाहले गरेका हुन् । तर शैतान यतिमै सिमित नभई एक कदम अगाडि बढेर प्रश्न गर्छ: त्यसोभए तिम्रो परमेश्वरलाई कसले सृष्टि गरेको त? यस्तो अवस्थामा आस्थावानले वस्वसा (कुविचारहरू) लाई तीन चीजहरूद्वारा हटाउन सक्छ: अल्लाह माथि विश्वास गरेर । शैतानबाट अल्लाहको शरण लिएर । र नराम्रा विचारहरूबाट टाढा रहेर।

https://sunnah.global/hadeeth/ne/show/65013